# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः ३० मितिः २०८१।१२।०३

भाग - २

## स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन) कार्यविधि, २०८१

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो "**स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन) कार्यविधि, २०८१**" बनाई लागू गरेको छ।

# स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१०/०८

**प्रस्तावनाः**

शिवराज नगरपालिकाको "**स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१**" लाई संसोधन गर्न बाञ्छनीय भएकोले नगर कार्यपालिकाबाट देहाय अनुसार संसोधन गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. "स्वयंसेवक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" (यस पछि 'मूल कार्यविधि' भनिएको) को दफा २ (झ) मा संसोधनः** कार्यविधिको दफा २ को उपदफा (झ) मा देहाय बमोजिम संशोधन गरिएको छः

"व्यवस्थापन समिति" भन्नाले शिवराज नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।"

**३. मूल कार्यविधिको दफा २ (ट) मा संसोधन** : मूल कार्यविधिको दफा २ को उपदफा (ट) मा देहाय बमोजिम संशोधन गरिएको छः

"शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा, युवा तथा खेलकूद शाखालाई सम्झनु पर्छ ।"

**४. मूल कार्यविधिको दफा २ (ण) मा संसोधन** : मूल कार्यविधिको दफा २ को उपदफा (ण) पछि देहाय बमोजिमको एक अनुच्छेद थप गरिएको छः

"आंशिक शिक्षक भन्नाले कक्षा ११ र १२ मा आंशिक रुपमा अध्यापन गर्ने शिक्षकलाई सम्झनु पर्छ ।"

**५. मूल कार्यविधिको दफा ३ (१) मा संसोधन** : मूल कार्यविधिको दफा ३ को उपदफा (१) पछि देहाय बमोजिमको एक अनुच्छेद थप गरिएको छः

"मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नाकोत्तर तह वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्नेछ ।"

**६. मूल कार्यविधिको दफा ४ को उपदफा (२) को (ख) मा संसोधन** : मूल कार्यविधिको दफा ४ को उपदफा (२) को (ख) मा देहाय बमोजिम संशोधन गरिएको छः

"सामाजिक अध्ययन विषयको हकमा अर्थशास्त्र, इतिहास, ग्रामीण विकास, भूगोल, नागरिक शास्त्र, राजनीतिक शास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान, मानवशास्त्र, वातावरण शिक्षा, स्वास्थ्य शिक्षा, शारिरिक शिक्षा, संस्कृति समाजशास्त्र, जनसङ्ख्या शिक्षा र स्वास्थ्य शिक्षा तथा शारिरिक शिक्षा मध्ये कुनै एक विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।"

७. **<u>मूल कार्यविधिको दफा ४ को उपदफा (३) को (ख) मा संसोधन</u>** : मूल कार्यविधिको दफा ४ को उपदफा (३) को (ख) मा देहाय बमोजिम संशोधन गरिएको छः
"सामाजिक अध्ययन विषयको हकमा अर्थशास्त्र, इतिहास, ग्रामीण विकास,भूगोल, नागरिक शास्त्र, राजनीतिक शास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान, मानवशास्त्र, वातावरण शिक्षा, स्वास्थ्य शिक्षा, शारिरिक शिक्षा, संस्कृतिसमाजशास्त्र, जनसङ्ख्या शिक्षा र स्वास्थ्य शिक्षा तथा शारिरिक शिक्षा मध्ये कुनै एक विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।"

८. **<u>मूल कार्यविधिको दफा १२ को उपदफा (१) मा संसोधन</u>** : मूल कार्यविधिको दफा १२ को उपदफा (१) मा देहाय बमोजिम संशोधन गरिएको छः

(क) लिखित परीक्षाको पूर्णाङ्क २००
सामान्य परीक्षाको पूर्णाङ्क १०० र उत्तिर्णाङ्क ५०
विषयगत लिखित परीक्षाको पूर्णाङ्क १०० र उत्तिर्णाङ्क ४०

(ख) अन्तरवार्ता २५ पूर्णाङ्क

९. **<u>मूल कार्यविधिको दफा १५ को उपदफा (क) मा संसोधन</u>** : मूल कार्यविधिको दफा १५ को उपदफा (क) हटाइएको छ ।

१०. **<u>मूल कार्यविधिको दफा १५ को उपदफा (ख) मा संसोधन</u>** : मूल कार्यविधिको दफा १५ को उपदफा (ख) मा देहाय बमोजिम संशोधन गरिएको छः
"शैक्षिक योग्यता वापत सेवा प्रवेशका लागि तोकिएको न्यूनतम् शैक्षिक योग्गताको प्रथम श्रेणी भए पाँच, द्वितीय श्रेणीको भए तीन अङ्कका दरले बढीमा पाँच अङ्क र माथिल्लो शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए तीन र द्वितिय श्रेणी भए दुई अङ्क गरी बढीमा तीन अङ्क"

११. **<u>मूल कार्यविधिको दफा १५ को उपदफा (घ) मा संसोधन</u>** : मूल कार्यविधिको दफा १५ को उपदफा (घ) मा देहाय बमोजिम संशोधन गरिएको छः
"शिवराज नगरपालिका अन्तरगतको स्थायी बासिन्दा भएमा दुई अङ्क"

**स्वीकृत मितिः २०८१/१२/०३**

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**